**नीति जेबिबिए - जात वा रङ, उत्पत्ति राष्ट्र, यौनिक झुकाव, लैङ्गिक पहिचान, असक्तता वा धर्ममा आधारित उत्पीडन (विद्यार्थी)**

१. नीतिको साधारण बर्णन

जात वा रङ, उत्पत्ति राष्ट्र, यौनिक झुकाव, लैङ्गिक पहिचान, असक्तता वा धर्ममा आधारित उत्पीडन, जसलाई अब उपरान्त संरक्षित वर्ग भनी भनिने छ ती बिशिष्ट रूपमा प्रतिबन्धित छ। बिद्यालय डिस्ट्रिक्टभित्र हरेक बिद्यार्थीले नीतिले परिभाषित गरेको उक्त किसिमको उत्पीडनबाट मुक्त वातावरणमा सिक्ने अबसर पाउनेछ। प्रतिबन्धित उत्पीडनका गुनासाहरू यस नीतिमा उल्लेखित र डिस्ट्रिक्ट प्रक्रिया अनुसार तुरुन्तै अनुसन्धान गरिनेछन्। यदि प्रिन्सिपल/विभाग प्रमुख वा प्रतिनिधिले त्यस्तो उत्पीडन भएको चाल पाएमा, सो नीति उल्लङ्घन गर्ने कुनै पनि बिद्यार्थी, शिक्षक वा प्रशासकलाई उपयुक्त अनुशासनमा ल्याइनेछ, उत्पीडित व्यक्तिलाई सहयोग प्रदान गरिनेछ र/वा उत्पीडन अन्त्य गर्नका लागि युक्तिसङ्गत रूपमा सुविचारित कार्वाही गरिनेछ। उत्पीडन वा विभेदको गुनासो अनुसन्धान पछाडि, अनुसन्धानको नतिजा जे भए पनि, भवन प्रिन्सिपल वा प्रतिनिधिले गुनासोकर्तासँग गुनासोकर्तालाई लागेको उत्पीडन वा विभेद अन्त्य भएको र गुनासोकर्तालाई प्रत्याक्रमण नगरिएको कुरा जाँच्नेछन्। अनुसन्धान सकिएको दश (१०) दिनभित्र सो जाँच गरिनेछ।

२. जात वा रङ, उत्पत्ति राष्ट्र, यौनिक झुकाव, लैङ्गिक पहिचान, असक्तता वा धर्ममा आधारित उत्पीडनको परिभाषा

यस नीतिको उद्देश्यका निम्ति, उत्पीडन भन्नाले विद्यार्थीको संरक्षित वर्ग अबस्थासँग सम्बन्धित शाब्दिक वा मौखिक व्यबहार बुझिन्छ जहाँ:

क) विद्यार्थीको शैक्षिक कार्यक्रममा भाग लिने वा त्यसबाट लाभ लिने क्षमतामा असर पर्ने गरि गम्भीर, निरन्तर वा ब्यापक उत्पीडन व्यबहार हुन्छ वा जसले भयभीत बनाउने, धम्क्याउने वा अपमानजनक शैक्षिक बाताबरण निर्माण गर्छ; वा

ख) उत्पीडन व्यबहारको उद्देश्य वा प्रभाव व्यक्तिको शैक्षिक सम्पादनसँग अयुक्तिसङ्गत वा पर्याप्त रूपमा बाधा उत्पन्न गर्नु हुन्छ; वा

ग) उत्पीडन व्यबहारले अन्यथा व्यक्तिको सिकाइ अबसरहरूलाई नकारात्मक असर पुर्‍याइरहेको हुन्छ।

संरक्षित वर्ग अन्तर्गत उत्पीडन जनाउने व्यवहारहरूको उदाहरणमा निम्न पर्न सक्छन्:

- अपमानजनक भाषा भएको भित्ते-लेखन

- संरक्षित वर्गलाई होच्याउने खालका नाम उच्चारण, ठट्टा वा हल्ला

- धम्क्याउने वा भयभीत पार्ने ब्यबहार

- होच्याउने खालका टिप्पणी र रेखाचित्र

- लाञ्छना, नकारात्मक रूढिहरू र शत्रुतापूर्ण क्रियाकलाप

- टिप्पणी वा रूढिहरू अङ्कित लिखित वा चित्रात्मक सामाग्रीहरू जसलाई पोस्ट वा वितरित गरिन्छ र जसको उद्देश्य व्यक्तिलाई उनीहरूको संरक्षित बर्गको स्थितिका निम्ति होच्याउने रहेको हुन्छ।

- संरक्षित बर्ग स्थितिमा युक्तिसङ्गत रूपमा सम्बन्धित कारणले वा सो सम्बन्धित तरिकाले अरूप्रति शारीरिक आक्रमण वा हमला

- अन्य किसिमका आक्रामक ब्यबहार जस्तै चोरी वा सम्पत्तिको क्षति

यद्यपि कुनै कथित व्यबहार प्रतिबन्धित उत्पीडनको तहसम्म पुग्ने क्रिया वरिपरिको वाताबरण, अपेक्षा र सम्बन्धजस्ता अनेकन् तत्वहरूमा भर पर्दछ।

उत्पीडन बिरूद्ध गुनासो दर्ता गर्ने, अनुसन्धानमा भाग लिने वा सहयोग गर्ने व्यक्तिलाई प्रत्याक्रमण गर्न प्रतिबन्धित गरिएको छ। यस नीतिको उल्लङ्घनका गलत सूचनाहरू पनि प्रतिबन्धित छन्।

नीति जेके र नीति जेके-आर (विद्यार्थी अनुशासन) ले विद्यार्थीद्वारा उत्पीडन सम्बन्धित अनुशासन नियन्त्रण गर्नेछन्।

स्वीकृत: जुन १६, २०००

परिमार्जित: जुन २०, २००२

परिमार्जित: डिसेम्बर १८, २००३

परिमार्जित: अक्टुबर १५, २००९

कानुनी सन्दर्भ नागरिक अधिकार अधिनियम १९६४ को टाइटल ६, ४२ यु.एस.सि. खण्ड २०००डि, तपसिल; असक्तता भएका अमेरिकीहरू अधिनियम १००९ को टाइटल २, ४२ यु.एस. सि. खण्ड १२१०१, तपसिल; पुनर्स्थापन अधिनियम १९७३ को खण्ड ५०४